नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
राष्ट्रिय सूचना प्रविधि विकास समिति
# राष्ट्रिय सूचना प्रविधि केन्द्र

४२११७१०, ४२११९१७, ४२११५२७
फ्याक्स नं. : ४२४३३६२
पोष्ट बक्स नं. : २५३३१
ई-मेल : info@nitc.gov.np
सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः २०७७/०७८
च.नं. ३३६

## मेशेनरी सामानको लिलाम सम्बन्धि बोलपत्र आह्वानको सूचना

### प्रथम पटक प्रकाशित मिति २०७७/१२/०४

यस केन्द्रमा कार्यालय प्रयोजनका लागि खरिद भएका हाल पुराना भई काम नलाग्ने वा बिग्रेका टुट फुट भएका मेशेनरी सामानहरु आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १०६ मा भएको ब्यबस्था अनुरुप लिलाम बिक्री गर्नुपर्ने भएकोले सोही नियमावलीको नियम १०७ को उपनियम १ (क) अनुसार गठित समितिले गरेको न्युनतम मुल्याङ्कन अनुरुपको मुल्यमा बोलपत्र आह्वान गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ। अतः सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७७/१२/१० गते सम्म) भित्र लिलाममा सहभागी हुन ईच्छुक रजिष्ट्रड कम्पनी, फर्मा वा व्यक्तीले कार्यालय समयमा रित पुर्वकको बोलपत्र खरिद गरी पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

### लिलाम सम्बन्धी विस्तृत विवरण

१) मालसामानको विवरणः- सि.नं.१ देखी सि.नं.८५ सम्मका कम्प्युटर/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/फर्निचर आदि।
२) मालसामानको न्यूनतम मुल्यः-२,१७,४४७/-(अक्षेरुपी दुईलाख सत्रहजार चारसय सतचालिस मात्र)।
३) बोलपत्र पाईने स्थानः- राष्ट्रिय सूचना प्रविधि केन्द्र सिंहदरबार काठमाडौं।
४) बोलपत्र खरिदको लागि रु.१,०००/-(एकहजार मात्र) फिर्ता नहुने गरी राजश्व वापत नगदै बुझाई खरिद गर्न सकिने छ।
५) बोलपत्र खोल्ने स्थानः- राष्ट्रिय सूचना प्रविधि केन्द्र सिंहदरबार काठमाडौं।
६) बोलपत्र खोल्ने मितिः- २०७७/१२/११ गते अपरान्ह १.०० वजे, कार्यालय एवं बोलपत्रदाताको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
७) बोल अंकको १०% प्रतिशतले हुने वरावरको रकम को.ले.नि.का भुक्तानी केन्द्र ४ सिंहदरवारको एभरेष्ट वैंक लिमिटेड सिंहदरवारको खाता नं.स.अ.१३५००१ धरौटी मा जम्मा गरेको सक्कल वैंक भौचर वोलपत्र साथ पेश गर्नु पर्ने छ। लिलाम सकार गरेपछी सो को ७ दिन भित्र सकार गरेको रकम दाखिला गरी उक्त सामान केन्द्रबाट उठाई सक्नु पर्ने छ।
८) लिलाम सम्बन्धि अन्य विषयमा प्रचलित कानुन तथा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार हुने छ।
९) अन्य विस्तृत जानकारी को लागि वा भौतिक रुपमा सामान हेर्न चाहेमा केन्द्रको जिन्सी शाखामा सम्पर्क राख्न तथा निम्न सम्पर्क नम्बरहरुमा सम्पर्क गरी आवश्यक जानकारी लिन तथा यस केन्द्रको वेवसाईट-www.nitc.gov.np मा समेत हेर्न सक्नु हुने छ।

फोन नं.४२११७१०, ४२११५२७, ४२११९१७
वेवसाईट-www.nitc.gov.np

लेखा अधिकृत